म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १८८ सोमबार, ५ फागुन २०८१ ने. सं. ११४५ सिल्लागा 17 February 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नेविसंघ मकवानपुर बहुमुखी क्याम्पसमा घिमिरेको नेतृत्व

हेटौंडा, ४ फागुन/नेपाल विद्यार्थी संघ मकवानपुर बहुमुखी क्याम्पस इकाईं समितिको अध्यक्षमा सागर घिमिरे चयन भएका छन् । संघका केन्द्रीय सदस्य उमेशलाल स्याङ्तानको प्रमुख आतिथ्यतामा भएको भेलाले घिमिरेको अध्यक्षतामा ४४ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मतरुपमा चयन गरेको हो । समितिका उपाध्यक्ष उत्सव न्यौपाने, नीरप्रताव सिंह, प्रशान्त सापकोटा र अजित घिमिरे रहेका छन् । इकाईं सचिवमा उत्सव ढुंगाना र प्रमेश्वर अधिकारी, सहसचिव प्रज्ज्वल अधिकारी, निमिमा ढुंगाना, विमला अधिकारी र राज चौलागाईं कोषाध्यक्ष क्रिशन थिङ र सदस्यहरुमा विज्ञान विडारी, उचित बजागाईं, मनिस बर्तौला र लोनिस सापकोटालगायत रहेका छन् । अध्यक्ष घिमिरेले नजिकिँदै गरेको स्वतन्त्र विद्यार्थीको निर्वाचनलाई लक्षित गरेर प्रत्येक संकायमा नयाँ कार्यसमिति गठन गर्ने आफ्नो पहिलो उद्देश्य रहेको बताए ।

# २३ लाख सवारीका रेकर्ड डिजिटाइजेसन गर्दै बागमती सरकार

साझाकुरा संवाददाता




हेटौंडा, ४ फागुन/ बागमती प्रदेश सरकारले यातायात व्यवस्था कार्यालयमा रहेका २३ लाख सवारी साधनका ढड्डा, फाइल तथा अन्य दस्तावेज डिजिटाइजेसन सुरु गरेको छ ।

यातायात व्यवस्था कार्यालयमा सवारीसाधनको रेकर्ड लथालिङ्ग भएका कारण हजारौं सवारीधनीले दुःख पाएको गुनासो आएपछि एकसाथ सयजना डाटा इन्ट्रीकर्ता खटाई डिजिटाइजेसनको प्रक्रिया सुरु गरेको हो । सवारीधनीलाई आफ्ना सक्कल फाइल यातायात कार्यालयमा बुझाउन पनि प्रदेश सरकारले सूचना जारी गरेको छ । सवारी साधनको तथ्यांक सरकारी रेकर्डमा अद्यावधिक हुन नसकेका कारण धेरै सवारीधनीले दुःख पाएको गुनासो आएको थियो ।

यातायात व्यवस्था कार्यालय, मोटरसाइकल गुर्जुधाराले लट नम्बर १ देखि ५५ सम्मका सवारीधनीलाई आफ्ना सक्कल फाइल १५ दिनभित्र कार्यालयमा बुझाउन आग्रह गरेको छ । कार्यालयमा दर्ता भएका दुईपांग्रे सवारीसाधनको विवरण डिजिटाइजेसनका लागि फाइल मागिएको हो । यातायात व्यवस्था कार्यालय साना-ठूला सवारी एकान्तकुना, यातायात व्यवस्था कार्यालय भरतपुर (चितवन) र हेटौंडाले पनि फाइल व्यवस्थापनका लागि पहल गरेका छन् ।

बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले पहिलो चरणमा एकान्तकुना, गुर्जुधारा, हेटौंडा र भरतपुरमा डाटा इन्ट्रीको काम सकाउने र त्यसपछि बनेपा र खुर्कोटको यातायात व्यवस्था कार्यालयमा टिम परिचालन गरिने जानकारी दिएको छ । मन्त्रालयले डिजिटाइजेसनको औपचारिक सुरुवाताबारे घोषणा गर्न फागुन ५ मा कार्यक्रम आयोजना गर्दैछ । सवारी साधनको डाटा ईन्ट्री गर्ने प्रयोजनका लागि करारमा लिइएका कर्मचारीलाई करिव दुइसाता अघिदेखि अभिमुखीकरण गरिएको थियो ।

सवारीधनीहरुले आफ्नो सक्कल फाइल यातायात कार्यालयमा बुझाउनुपर्ने र सम्बन्धित कार्यालय प्रमुखलाई फाइल व्यवस्थापनको जिम्मेवारी दिइएको मन्त्रालयका सूचनाअधिकारी खगेन्द्र पौडेलले बताए । डिजिटाइजेसनका लागि ५० वटा डेस्कटप र ५० वटा मोवाइल फोनको व्यवस्था गरिएको उनको भनाइ छ ।

हाल नयाँ-पुराना ढड्डाहरुमा थन्केर रहेका सवारी सम्बन्धी विवरणलाई डिजिटल फर्म्याटमा उतारेपछि सेवाग्राहीले सवारीकर तिर्न यातायात कार्यालय धाउनु नपर्ने मन्त्रालयको निष्कर्ष छ । 'सवारी दर्ता, नवीकरण, नामसारी लगायत काम अनलाइन प्रणालीबाटै गर्न मिल्ने व्यवस्था बनाउन लागेका छौं,' सूचना अधिकारी पौडेलले भने, 'ब्लुबुक प्रमाणीकरणका लागि कार्यालय आइरहनु पर्नेछैन ।'

सवारीसाधनको कर तथा नवीकरणको 'हिस्ट्री' लाई डिजिटल प्रणालीमा अद्यावधिक गरिने सूचना अधिकारी पौडेलले बताए । अहिले सवारीधनीले कहिले कुन प्रदेश त कहिले कुन प्रदेशमा कर तिरिरहेकाले कार्यालयहरुलाई 'अटोमेसन'मा लैजान कठिनाइ भएको उनको अनुभव छ । मन्त्रालयले हाल प्रयोगमा ल्याएको ट्रान्सपोर्ट म्यानेजमेन्ट इन्फरमेसन सिस्टम (टीएमआईएस) कै मोवाइल एपलाई विकसित गरेर अनलाइन सेवा उपलब्ध गराउने तयारी भएको उनले जनाए ।

'ब्लुबुकलाई हालको पेपर-बेस्डबाट क्यूआर कार्ड बेस्ड प्रणालीमा परिणत गर्दैछौं,' उनले भने, 'अहिले नागरिक एपमा सवारी चालक अनुमतिपत्र इन्टिग्रेट गरेझैं ब्लुबुकलाई पनि एपमा समावेश गर्दैछौं ।' यसले कागजात बोकेर हिँड्नुपर्ने झन्झट अन्त्य गर्ने उनको भनाइ छ । बागमती प्रदेश सरकारले अबको ६ महिनाभित्र ५ लाखदेखि १० लाख सवारी साधनको फाइल डिजिटाइज गर्ने लक्ष्य लिएको छ ।

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षमा श्रम रोजगार तथा यातायात मन्त्रालय अन्तर्गत विभिन्न कार्यक्रमका लागि ७७ करोड ६ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो ।

प्रदेश सरकारले यातायात व्यवस्था कार्यालयलाई डिजिटलाइजेशन गर्ने, प्रदेशका विभिन्न स्थानमा विद्युतीय सवारी साधनका लागि चार्जिङ स्टेशन निर्माण, प्रदेशमा नै सवारी चालक अनुमतिपत्र छपाइको काम अघि बढाउने र यो कार्यका लागि छपाई मेसिन खरिद गर्न बजेट विनियोजन गरिएको बताइएको थियो ।

# 'शुद्ध पिउने पानी' अबको प्राथमिकताः मन्त्री खड्का

साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ बागमती प्रदेश सरकारका खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्री श्यामबहादुर खड्काले जनतालाई 'शुद्ध पिउने पानी' घरघरमा पुऱ्याउन मन्त्रालयले प्राथमिकताका साथ काम अगाडि बढाएको बताएका छन् ।

खानेपानी तथा सर सफाई उपभोक्ता समिति हेटौंडा-१९ नेवारपानीको २४ औं वार्षिक साधारणसभा उद्घाटन गर्दै मन्त्री खड्काले जनताको घरमा अब 'पिउने पानी' मात्रै होइन 'शुद्ध पिउने पानी' पुऱ्याउन मन्त्रालयले ऐन र कार्यविधि नै बनाएर अगाडि बढेको खुलासा गरेका हुन् ।

'बागमती प्रदेशमा हाल ९६ प्रतिशत घरमा खानेपानी सुविधा उपलब्ध छ, सन् २०३० सम्म सत् प्रतिशत घरमा 'एक घर, एक धारा' पुऱ्याउने अबधारणा अनुसार काम भइरहेको छ', मन्त्री खड्काले भने- तीमध्ये धेरै क्षेत्रमा शुद्ध पिउने पानी छैन । मन्त्रालयले पिउन लायक पानी बनाउन फिल्टर प्लान्ट कार्यनीति नै तयार गरेर काम अघि बढाइएको उनले बताए ।



भेला उद्घाटन गर्दै बागमती प्रदेश सरकारका खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्री श्यामबहादुर खड्का ।

संघीय ऐन जारी भइसकेकोले मन्त्रालयले 'खानेपानी ऐन'को मस्यौदा तयार गरी मन्त्रिपरिषद्हुँदै चालु हिउँदे अधिवेशनमा लैजाने तयारी गरेको मन्त्री खड्काको भनाइ छ । खानेपानी उपभोक्ता सम्बन्धी कार्यविधि (एनवास) पनि मन्त्रिपरिषद्मा पठाइसकिएको उनले जानकारी दिए ।

समितिका अध्यक्ष विष्णुलाल स्याङ्तानको अध्यक्षतामा भएको कार्यक्रमका विशिष्ट अतिथि हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँले खानेपानीको क्षेत्रमा बागमती प्रदेश सरकारले ठूला आयोजनामा लगानी गरेर धेरै सहयोग गरेको बताए । उपप्रमुख बानियाँले खानेपानी क्षेत्रमा परेका समस्या उपमहानगरपालिकाले प्राथमिकताका साथ सम्बोधन गर्दै आएको बताए ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपाने, ८ नम्बर वडा अध्यक्ष रामकृष्ण थापालगायत विभिन्न टोल विकास संस्था, राजनीतिक दलका प्रतिनिधिहरुको सहभागिता थियो ।

***नयाँ कार्यसमितिमा पुनः स्याङ्तान***

साधारणसभाले पुनः विष्णुलाल स्याङ्तानको नेतृत्वमा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । नव निर्वाचित कार्यसमितिमा उपाध्यक्ष सरस्वती भण्डारी, सचिव लोकबहादुर मुक्तान, कोषाध्यक्ष बिमिरा श्रेष्ठ, सहसचिव सुमन बर्देवा तथा सदस्यहरुमा गोपी अर्याल, चन्द्रबहादुर जिम्बा, ईश्वर पराजुली, हिना श्रेष्ठ, सम्झना श्रेष्ठ, गोपीमाया अधिकारी चयन भएका छन् ।

## डाङडुङ्गे सामुदायिक वनमा पुनःपुडासैनी

साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ डाङडुङ्गे सामुदायिक वन उपभोक्ता समूहको अध्यक्षमा पुनः शालिकराम पुडासैनी निर्वाचित भएका छन् । हेटौंडा उपमहानगरपालिका-११ स्थित डाङडुङ्गेमा रहेको आनन्दभैरव आधारभूत विद्यालयमा भएको निर्वाचनमा पुडासैनी पुनः अध्यक्षमा दोहोरिएका हुन् । घर चुनावचिन्ह लिएर निर्वाचन प्रक्रियामा भाग लिएका पुडासैनीले १ सय ९८ मत प्राप्त गर्दै बिजयी भएका हुन् । उनका निकटतम प्रतिद्वन्द्वी बोजबहादुर पण्डितले १ सय २५ मत प्राप्त गरेका थिए । यसैगरी उपाध्यक्षमा १ सय ३० मत प्राप्त गर्दै शिव अगस्ती पुनः दोहोरीएका छन् । उनका निकटतम प्रतिद्वन्द्वी लक्ष्मण बानियाँले ६९ मत प्राप्त गरे ।

यस्तै सचिवमा कल्पना कुमारी मगर १ सय ९ मत प्राप्त गर्दै निर्वाचित हुँदा सहसचिवमा शेखरराज मैनाली निर्बिरोध निर्वाचित भएका छन् । कोषाध्यक्षमा भने निर्मला पुडासैनी १ सय ९५ मत प्राप्त गरी बिजयी भएका छन् ।

समूहको सदस्यमा खुलातर्फ हरिशरण लामिछाने, शुसान्त आले, रामेश्वर नगरकोटी निर्वाचित भएका छन् । खुला महिला सदस्यमा सीता न्यौपाने, माधुरी राना थापा, जनजाति महिला सदस्यमा सुनिता थापा र खसआर्य महिला सदस्यमा कामना कार्की निर्बिरोध चयन भएका छन् । ४ सय ६६ मतदाता रहेको सामुदायिक वनको निर्वाचनमा ३ सय ४० मत खसेको निर्वाचन अधिकारीहरुले जनाएका छन् ।

# हेटौंडा सिमेन्टको उत्पादनकार्य अन्यौलमा

साझाकुरा संवाददाता



हेटौंडा, ४ फागुन/ सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगको उत्पादनकार्य अझैसम्म पनि अन्यौलमा परेको छ । लामो समयदेखि बन्द र आर्थिक संकट गहिरिँदै गएको हेटौंडा सिमेन्टको उत्पादनकार्य अन्यौलमा परेको हो ।

हेटौंडा सिमेन्ट उद्योग विभिन्न उपकरण मर्मतको काम गर्नुपर्ने भन्दै गत असोज १५ गतेदेखि बन्द भएको थियो । उपकरणहरु मर्मत सम्भार गरी गत मङ्सिरको पहिलो साताबाटै उत्पादन सुरु गर्ने भनिएपनि यो कार्य हालसम्म सुरु हुन सकेको छैन ।

सिमेन्ट उद्योगका प्रशासन प्रमुख तथा प्रवक्ता हरेराम आचार्यले उत्पादन सुरुहुन नसक्नुमा उपकरण मर्मतको मात्रै एउटा पाटो नभएको बताउँदै आर्थिक समस्या बढ्दै गएकाले कहिलेदेखि उत्पादन सुरु गर्ने भन्ने अन्यौलता परेको जानकारी दिए ।

प्रवक्ता आचार्यका अनुसार उत्पादनकार्य ठप्प भएपनि कर्मचारीको तलब भत्ता, केही इन्धन खर्च र समान्य मर्मत खर्च भइरहेकोले आर्थिक भार बढ्दै गएको छ । उद्योगमा एक सय ६६ जना स्थायी, दैनिक ज्यालादारीका एक सय र ५२ जना, उद्योगको सुरक्षाकर्मी गरी तीन सय १८ जना जनशक्ति कार्यरत रहेको प्रवक्ता आचार्यले बताए । प्रवक्ता आचार्यका अनुसार तत्काल उद्योग सञ्चालनका लागि उद्योगलाई चाहिने आवश्यक कच्चापदार्थको पनि समस्या छ ।

'उद्योग दैनिक सञ्चालन भयो भने कम्तिमा दैनिक एक सय २० मेट्रिकटन कच्चापदार्थ कोइलाको आवश्यक पर्छ', उनले भने, 'तर त्यो पनि उद्योगमा मौज्दात छैन र कोइलाको पुरानो भुक्तानी भइनसकेकाले तत्काल कोइला आउने सम्भावना पनि छैन ।'

यसबाहेक आर्थिक समस्याका कारण कर्मचारीले अतिरिक्त समयमा गरेको कामको भुक्तानी गर्न सकिएको छैन', उनले भने । वि.सं २०३३ सालमा स्थापना भएको उद्योगले २०४३ देखि ब्यवसायिक रुपमा सिमेन्ट उत्पादन कार्य सुरु गरेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



हेटौंडा आईडल

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003
स्ट्रेञ्ज पार्टनरः शिवम् सिमेन्ट
"Quality संगैं समयमै Delivery को मामलामा पनि No Compromise"
शोभायात्राः
मितिः २०८१ फागुन ६ गते
समयः बिहान १०:३० बजे

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्कः ०५७-५२०८१६

महोत्सवका आकर्षणहरु
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रविधिको प्रदर्शनी ।

साझाकुरा

## हाम्रो कुरा

# बीरगंजमा राप्तीको पानी

पछिल्ला दिनमा मकवानपुरको सीमानामा रहेका बारा र पर्साका बिभिन्न बस्तीमा पिउनेपानीको चरम संकट बढ्दै गएको छ । ग्लोवल वार्मिङको प्रभाव, भूमिगत पानीको स्रोतमा कमी, भूमिगत पानी रिचार्जमा संकट जस्ता धेरै कारणले तराइक्षेत्रमा पनि पानीको समस्या दिनानुदिन बढ्दैछ । बिगतमा २० फिट खन्दा पानी भेटिने जमिनमा अहिले ५० फिट खन्नुपर्ने अवस्था आएको छ । यो समस्या तराइका सहरी क्षेत्रमा बढेको हो । चुरेदोहनले तराइका फाँटहरु मरुभूमिमा परिणत हुने दिन आउँदैछ भनेर बिज्ञहरुले चिन्ता व्यक्त गरिरहेका छन् । बीरगंज, कलैया, सिमरा, जीतपुर, पथलैयाका बस्तीमा पिउने पानीको दीर्घकालीन स्रोत खोजी गर्ने विषयमा चिन्ता र चासो व्यक्त गर्न थालिएको छ । बीरगंज-पथलैया औद्योगिक करिडोरमा पिउने पानी अभाव पूर्ति गर्न हेटौंडाबाट पानी लैजानका लागि सम्भाब्यता अध्ययन गरिने भएको छ । खानेपानी मन्त्रालयअन्तर्गतको खानेपानी तथा ढल व्यवस्थापन विभागले हेटौंडाको राप्ती नदीबाट पर्सा र बारामा पानी आपूर्ति सम्भाव्यता अध्ययन गर्ने भएको हो ।

हेटौंडाको पानी बीरगंजसम्म पुऱ्याउनका लागि चुरे क्षेत्रमा सुरुङ खन्ने योजना रहेको छ । यसको लागि विभागले परामर्शदाताबाट आशयपत्र (टेण्डर) आह्वान गरेको छ । खानेपानी मन्त्री प्रदीप यादवको परिकल्पना र पहलअनुसार विभागले पानी आपूर्ति सम्भाव्यता अध्ययन गर्न परामर्शदातालाई सूचना प्रकाशित गरी टेण्डर आह्वान गरिएको विभागले जनाएको छ । जलवायु परिवर्तनका कारण नेपालको पानी स्रोतमा गम्भीर असर परेको तथा विशेष गरी तराई क्षेत्रमा भू-जलको सतह घट्दै गएको, मधेश प्रदेशका जिल्ला, विशेष गरी पर्सा र बारामा लामो समयदेखि खानेपानीको समस्याबाट ग्रसित रहेका तथा तराई मधेशका क्षेत्रमा खानेपानीको समस्या उत्पन्न भएकोमा त्यसको समाधान गर्न यो अध्ययन गर्न लागिएको विभागले जनाएको छ । राप्ती नदीबाट पर्सा र बाराका लागि पानी स्थानान्तरण अध्ययन स्थानीय जलस्रोत अभावको दीर्घकालीन समाधान गरी जलस्रोतको दीगो उपयोग गर्न र जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न महत्वपूर्ण रहने मन्त्री यादवले बताए । 'यो अध्ययनले उपयुक्त प्रविधि, लागत, वातावरणीय प्रभाव तथा सम्भाव्यताका अन्य पक्ष पहिचान गर्न मद्दत गर्नेछ । जसले भविष्यमा विस्तृत अध्ययन तथा कार्यान्वयनको आधार तयार गर्नेछ,' उनले भने । अध्ययनका प्रमुख उद्देश्यमा पानी अभावको मूल्यांकन, बारा र पर्सामा हालको पानी अभावको अवस्थाको अध्ययन गर्ने र पानीको मागको विश्लेषणअन्तर्गत आगामी २५ वर्षको लागि आवश्यक खानेपानीको प्रक्षेपण गरी दीगो सामाधानको लागि सम्भावित जलस्रोतको पहिचान गरी राप्ती नदी तथा अन्य वैकल्पिक जलस्रोतका गुणस्तर, उपलब्धता, तथा स्थायित्वको मूल्यांकन, वातावरणीय र सामाजिक प्रभाव अध्ययन-जलस्थानान्तरण तथा वितरण संरचनाले वातावरण र समुदायमा पार्ने प्रभावको प्रारम्भिक मूल्यांकन तथा लगानी र लागत लाभ विश्लेषण, परियोजनाको लागत तथा संभावित लाभको अध्ययन गरिने जनाइएको छ ।

परियोजनाको कार्यक्षेत्र र अध्ययन प्रक्रियाअन्तर्गत अध्ययनको सेवाक्षेत्रअन्तर्गत बारा र पर्साका भूभाग सामेल रहेका छन् । हाइड्रोलोजिकल, जियोलोजिकल तथा सामाजिक सर्वेक्षण गरी जलस्रोतको उपयोग तथा जलस्थानान्तरण प्रणालीको प्रभावकारिता निर्धारण तथा पानी वितरण प्रणाली, टनेल वा पाइपलाइन संरचनाको सम्भाव्यता अध्ययन गरिने भएको छ । जसरी भएपनि पानीको आपूर्ति गर्नका लागि समयमै सम्भाब्यता अध्ययन जरुरी छ । काठमाडौंमा मेलम्चीको पानी सुरुङ खनेर ल्याउने काम सफल भएपछि तराइमा पनि बैकल्पिक स्रोतको खोजी हुनु सामान्य हो । सुनकोशीको पानी सुरुङबाट मरिणखोलामा पुऱ्याउने सुरुङ तयार भएपछि मध्यतराइमा पानीको अभाव पूरा गर्न केहीहदसम्म सफलता मिलेको अनुभूति भएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०७६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन ६ गते मंगलबार १८ फेब्रुअरी २०२५ । षष्ठी, फागुन कृष्णपक्ष । सिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:४१, सूर्यास्त ५:५६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : दाम्पत्य जीवन सुखद बन्नेछ | तुला | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ |
| वृष | : आम्दानी राम्रो हुनेछ | वृश्चिक | : यात्रामा खर्च बढ्नेछ |
| मिथुन | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | धनु | : मौकाको फाइदा लिन सकिनेछ |
| कर्कट | : प्रेमको बन्धन कसिन सक्नेछ | मकर | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ |
| सिंह | : चुनौतीहरु देखा पर्न सक्नेछ | कुम्भ | : मुद्दा-मामिलामा विजयी भइनेछ |
| कन्या | : व्यवसायमा सामान्य फाइदा हुनेछ | मीन | : लगनशीलताले उपलब्धि दिलाउनेछ |

# समानीकरण अनुदानमा कैंची, स्थानीय सरकार मारमा



✍ राजेन्द्र प्याकुरेल

नेपालको संविधानले तीन तहकै सरकारलाई कार्यजिम्मेवारी र राजस्व अधिकार सहित राज्यशक्तिको बाँडफाँट गरेको छ । तर तहगत रुपमा विभाजन गरिएको अधिकारको विश्लेषण गर्दा, प्रदेश तथा स्थानीय सरकारमा खर्च जिम्मेवारी धेरै दिइएको छ भने राजस्वको हिस्सा न्यून छ । संघीय सरकारलाई राजस्व परिचालनको अधिकार अधिक दिइएको छ । प्रदेश र स्थानीय सरकारको खर्च आवश्यकता र राजस्व क्षमताबीचको वित्तीय अन्तरलाई न्यूनीकरण गर्न सरकारले विभिन्न शिर्षकमा वित्तीय हस्तान्तरण गर्नुपर्छ । जसमध्ये वित्तीय समानीकरण अनुदान त्यस्तो प्रमुख शिर्षक हो, जसको मूल उद्देश्य प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको फरकबाट सिर्जना हुने वित्तीय अन्तर घटाई सन्तुलन कायम गर्नु हो ।

संविधानले प्रदेश र स्थानीय तहलाई प्रदान गरेको जिम्मेवारी पूरा गर्न आवश्यक पर्ने स्रोतको जोहो गर्न संघीय सरकारले यस्तो अनुदान तल्लो सरकारमा पठाउनुपर्छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश र स्थानीय सरकारलाई उपलब्ध गराउने समानीकरण अनुदानको आकार संघीय सरकारलाई सिफारिस गर्छ । तर पछिल्ला आर्थिक वर्षमा लक्ष्यअनुसार राजस्व सङ्कलन हुन नसकेको कारण देखाएर संघीय सरकारले प्रदेश र स्थानीय सरकारको लागि विनियोजन गरिएको समानीकरण अनुदान कटौती गर्न सुरु गरेको छ ।

तर, संघीय कानुनले नै दिएको अधिकारबमोजिम समानीकरण अनुदानको किस्ता निर्धारण गरेको दाबी संघीय सरकारको छ । संघीय विनियोजन ऐन, २०८१ को दफा ६ को उपदफा (४) ले 'वित्तीय हस्तान्तरण गर्दा पुस मसान्तसम्मको राजस्वको लक्ष्य र सो अवधिमा सङ्कलन भएको राजस्वको अनुपातको आधारमा समानीकरण अनुदान निर्धारण गरी सोही बमोजिम तेस्रो किस्ताको रुपमा र चैत मसान्तसम्मको राजस्वको लक्ष्य र सो अवधिमा सङ्कलन भएको राजस्वको अनुपातको आधारमा समानीकरण अनुदान पुन: निर्धारण गरी चौथो किस्ताको रुपमा हस्तान्तरण गरिनेछ' भन्ने व्यवस्था गरेको छ ।

**करिब २० अर्ब कटौती हुनसक्ने**

चालु आर्थिक वर्षको स्वीकृत वार्षिक बजेटमध्ये प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान कटौती गरी निकासा गर्ने अर्थ मन्त्रालयको निर्णयले कमजोर आन्तरिक आय हुने अधिकांश स्थानीय सरकारहरुमा तरङ्ग ल्याएको छ । चालु आवको लागि प्रदेश र स्थानीय तहको लागि समानीकरण अनुदान शिर्षकमा क्रमश: ६० र ८८ अर्ब स्वीकृत भएको छ । त्यसमध्ये पहिलो र दोस्रो किस्तामा २५/२५ प्रतिशतले हुन आउने रकम क्रमश: ३० र ४४ अर्ब निकासा भइसकेको छ ।

तेस्रो किस्तामा २५ प्रतिशत अर्थात् क्रमश: १५ र २२ अर्ब निकासा हुनुपर्ने थियो । तर तेस्रो किस्तामा कुल वार्षिक बिनियोजन बजेटको ६३.२४ प्रतिशतमा नबढ्ने गरी हस्तान्तरण गर्ने भनिएको छ । जसले प्रदेश र स्थानीय सरकारमा निकासा हुनुपर्ने क्रमश: १५ र २२ अर्बमध्ये करिब क्रमश: ८ र १२ अर्ब मात्र निकासा हुने भएको छ । यसर्थ तेस्रो किस्तामा क्रमश: ७ र १० अर्ब कटौती हुने भएको छ ।

राजस्व सङ्कलन साविकमा प्रगति हुन नसकेमा चौथो किस्तामा समेत यही अनुपातमा कटौती भई क्रमश: करिब १४ र २० अर्ब समानीकरण अनुदान कटौती हुने देखिएको छ । तर चौथो किस्ता निर्धारण गर्दा चैत मसान्तसम्मको राजस्व सङ्कलन लक्ष्य नजिक हुन सकेमा कटौती हुने आकार कम हुन सक्ने आशा बाँकी नै छ ।

**अनुदान कटौतीले स्थानीय सरकारलाई असर**

वित्तीय संघीयताको मर्म बोकेको अनुदान भनेकै समानीकरण अनुदान हो । स्थानीय सरकारमा योजना तर्जुमाको स्पेस भएको र अनुसूची ८ का एकल अधिकारको कार्यान्वयन गर्ने सुनिश्चितता बोकेको वित्तीय हस्तान्तरणको शिर्षक नै समानीकरण अनुदान भएकोले यो अनुदान नहुने बित्तिक्कै स्थानीय सरकारमा योजना तर्जुमाको कुनै औचित्य हुँदैन । यो शिर्षकबाट स्वीकृत योजना तथा कार्यक्रमहरु सम्झौता भई करिब सम्पन्नको चरणमा छन् । यो स्रोत कटौती हुँदा आन्तरिक स्रोत सीमित भएका सबै स्थानीय सरकारलाई ठूलो आर्थिक संकट हुनेछ । एकातिर आगामी दुई/तीन वर्षसम्मको लागि भुक्तानी दायित्व रहिरहनेछ भने अर्कोतिर आगामी आवको लागि स्थानीय सरकारमा कुनै योजना तर्जुमा गर्नसक्ने अवस्था हुँदैन ।

वित्तीय संघीयताको मर्म बोकेको वित्तीय हस्तान्तरण अन्तर्गत यही समानीकरण अनुदान रहेकोले यसैमा कैंची चलाएर स्थानीय सरकारको स्वायत्तता हनन गर्न मिल्दैन । समानीकरण अनुदान प्रदेश र स्थानीय तहको संवैधानिक अधिकार हो । प्रदेश र स्थानीय सरकारले बजेट र योजना बनाउने काम यही अनुदानबाट गर्ने हो । त्यसैले यो उनीहरूको नैसर्गिक अधिकार नै हो । उनीहरूले नि:शर्त यो अनुदान पाउनुपर्छ ।

**लक्ष्यअनुसार राजस्व उठ्न नसक्दाको विकल्प**

सरकारले चालु आवको पुस मसान्तसम्म राजस्व लक्ष्यको ८४.३३ प्रतिशत मात्र सङ्कलन भएकोले संघीय सञ्चित कोषमा पर्न गएको दबाबलाई कम गर्न समानीकरण अनुदान सोही अनुपातमा घटाएर निकासा गर्ने निर्णय गरेको देखिन्छ । संवैधानिक र कानुनी व्यवस्थाअनुसार समानीकरण अनुदान बजेटलाई संघीय सरकारले दिएको ग्यारेन्टीको रुपमा लिनुपर्छ । त्यसैले समानीकरण अनुदान, राष्ट्रिय गौरवका आयोजनालगायत ठूला आयोजनाको बजेट कटौती गर्न हुँदैन । लक्ष्यअनुसार राजस्व उठ्न नसकेमा खर्च कटौतीका अन्य विकल्प खोज्न सकिन्छ । कटौती नै गर्नुपरेमा तेस्रो प्राथमिकताका योजना (पीथ्री) बाट बजेट कटौती गर्नुपर्छ र त्यसले पनि नपुगेमा दोस्रो प्राथमिकताको योजना (पीटू) बाट कटौती गर्नुपर्छ ।

संघीय सञ्चित कोषमा पर्न गएको दबाबको महसुस प्रदेश र स्थानीय सरकारहरुले पनि गर्नुपर्छ । प्रदेश र स्थानीय सरकारले समेत तेस्रो प्राथमिकताका योजना (पीथ्री) का आयोजना तथा कार्यक्रमलाई घटाउने वा कटाउनेतर्फ केन्द्रित हुनुपर्छ । संघीय तहमा अझै पनि अनावश्यक संरचनाहरु यथावत रहेकाले ती संरचना खारेज गर्नुपर्छ । अझै पुग्दैन भने प्रदेश र स्थानीय सरकारमा पठाइएका सशर्त अनुदानका शिर्षकहरुलाई प्राथमिकता दिएर कटौती गर्न सकिन्छ । प्रदेश र स्थानीय तहमा मात्र होइन, संघमा पनि टुक्रे योजना हजारौं छन् । टुक्रे योजनाको बजेट कटौती गरेर संघले ठूला र गेम चेन्जर योजनामा मात्र लगानी गर्नुपर्छ ।

घाटा बजेट निर्माण गर्ने प्रवृत्तिले पनि समस्या ल्याएको छ । आय अनुमान गर्दा नै यथार्थताको टाढा हुने गरिन्छ । बरु समानीकरण अनुदानको आकार निर्धारण गर्दा नै आय अनुमान यथार्थताको नजिक भएर गर्नुपर्छ । तर निर्धारण गरिसकेको अनुदान कटौती गर्न हुँदैन । उल्लिखित विकल्पमा जानुको सट्टा सिधैं समानीकरण अनुदानमा मात्र कैंची चलाउँदा संघीय सरकारलाई वित्तीय संघीयता कार्यान्वयनमा इमान्दारिता छैन भन्ने आरोप लाग्नेछ ।

**गत आवमा कटौती भएको थियो ?**

विनियोजन भइसकेको समानीकरण अनुदान निकासाको क्रममा गत आव २०८०/८१ मा पनि कटौती गरिएको थियो भने त्यसअघि आव २०७९/८० मा समेत करिब ६ अर्ब रकम काटिएको थियो । संघीय विनियोजन ऐन, २०८० मा समावेश भएको समानीकरण अनुदानमध्ये २५.८९ प्रतिशत अर्थात् २४ अर्ब ४८ करोड रकम कटौती भएको थियो । तर स्थानीय सरकारका संघ/महासंघ (गाउँपालिका राष्ट्रिय महासंघ नेपाल र नेपाल नगरपालिका संघ) को निरन्तरको पहलकदमीका बाबजुद कटौती गरिएको २४ अर्ब ४८ करोडमध्ये करिब १७ अर्ब (बिनियोजनको ९४ प्रतिशत) निकासा गराउन सफल भएका थिए । प्रदेशमा भने कटौती गरिएको रकम निकासा भएन ।

त्यतिबेला कटौती भएको रकम निकासाको लागि संघ/महासंघले निकै संघर्ष गर्नुपऱ्यो । समानीकरण अनुदान कटौतीको निर्णय हुने बित्तिक्कै तत्कालीन अर्थमन्त्री र प्रधानमन्त्रीलाई पटकपटक ध्यानाकर्षण गराए । स्थानीय सरकारहरुले संसद्मा प्रतिनिधित्व गर्ने सबै दलका प्रमुख र प्रमुख सचेतकहरुलाई पहलकदमी र सहजीकरणको लागि ज्ञापनपत्र बुझाए र बारम्बार घचघच्याइ रहे । सबै दलका संसदीय दलका नेता र प्रमुख सचेतकले समानीकरण अनुदान कटौती गर्न नमिल्ने र निकासाको लागि भूमिका खेल्ने प्रतिबद्धता जनाए । धेरै सांसदले सदनमा सरकारको ध्यानाकर्षण गराए ।

नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको बैठकले त विशेष निर्णय नै गरेर सरकारको ध्यानाकर्षण गराएको थियो । नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडलले ज्ञापनपत्र बुझ्दै समानीकरण अनुदान कुनै हालतमा कटाउन नमिल्ने र निकासाको लागि पहलकदमी लिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । संयोगले विष्णु पौडेल अहिले आफैं अर्थ मन्त्रालयको बागडोर सम्हालिरहनुभएको छ । राष्ट्रिय समन्वय परिषद्, राष्ट्रिय विकास समस्या समाधान परिषद्, राष्ट्रिय विकास परिषद्, अन्तरसरकारी वित्त परिषद् लगायतका निकायहरुको लगातार यो विषय उठाइरहँदा सम्बन्धित पदाधिकारीहरुबाट समानीकरण अनुदान कटौती नहुने प्रतिबद्धता आइनै रह्यो ।

संघ/महासंघको निरन्तरको पहलकदमीलाई नेपाल सरकारले सम्बोधन नगरेपछि बाध्य भएर २०८१ जेठ १९ गते स्थानीय सरकारका करिब २ सय जना जनप्रतिनिधिहरुले २ घण्टा अर्थ मन्त्रालय घेराउ गरी अर्थ मन्त्री र नेपाल सरकारको ध्यानाकर्षण गराए । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले अर्थ मन्त्रालयलाई पत्रमार्फत वित्तीय समानीकरण अनुदान कटौती नगर्न सिफारिस नै गर्यौं जसले नेपाल सरकारलाई थप दबाब पर्यो । उल्लिखित पहलकदमीबाट कुनै प्रगति नभएपछि २०८१ असार १३ गतेबाट देशभरका जनप्रतिनिधिहरुलाई सिंहदरबार केन्द्रित दबाब कार्यक्रममा सहभागी हुन आह्वान गरेपछि भने असार १० गते मात्र १७ अर्ब निकासा फुकुवा गर्न मन्त्रिपरिषद् बाध्य भएको थियो ।

अन्त्यमा, समानीकरण अनुदानलाई संघीयता कार्यान्वयनको अनिवार्य दायित्व भित्र राखेर यसलाई कटौती गर्न नहुनेतर्फ सरकारले ध्यान दिनुपर्छ । खर्च कटौतीका अन्य विकल्पहरु छन् । खर्च कटौती गर्ने दायित्व संघको मात्र नभएर प्रदेश र स्थानीय सरकारको पनि हो । प्रतिपक्षमा रहँदा बिनियोजन भएको समानीकरण अनुदान कटौती गर्न नहुनेतर्फ सबै राजनीतिक दल एकमत हुन्छन् । जब तिनै दल सरकारमा पुग्छन् पुन: सोही नियति दोहोरिन्छ । एउटा तहको सरकारलाई अर्को तहको सरकारले माग सम्बोधन गराउन आन्दोलन नै गर्नुपर्ने बाध्यता पार्नु सुहाउँदो विषय होइन । वित्तीय संघीयताको जगको रुपमा रहेको समानीकरण अनुदान नकटाउन स्थानीय सरकारहरुको अनुरोधमा गम्भीर हुनुपर्छ ।

सशर्त अनुदानमा कटौती र समानीकरण अनुदानमा वृद्धि गर्दै वित्तीय संघीयताको कार्यान्वयन गर्नुपर्नेमा संघीय सरकार सशर्त अनुदान बढाउँदै विनियोजन ऐनमा नै समानीकरणको आकार कम गर्ने र विनियोजन भइसकेको रकमसमेत घटाउने प्रवृत्तिले सरकारले संघीयता कार्यान्वयनमा देखाइरहेको तदारुकता र सक्रियतासमेत निस्तेज हुने स्थिति देखिएको छ ।

(साभार: अनलाइनखबर)

# सामाजिक सञ्जाल नियन्त्रण कति उचित ?

✍ शंकरनाथ काफ्ले

हामी लोकतान्त्रिक शासन व्यवस्थामा अघि बढिरहेका छौं । लामो समय एकदलीय निरंकुश शासन व्यवस्थाबाट थिचिएको कारण नागरिकहरु आफ्नो नैसर्गिक स्वतन्त्रताको हकबाट वञ्चित हुनुपरिरहेको थियो । निरंकुशता र स्वेच्छाचारी व्यवस्थाबाट मुक्त भएपछि नागरिक्ले आधारभूत मानवाधिकार र मौलिक हकको उपभोग गर्न पाउँछन् भन्ने विश्वासका साथ नेपालका राजनेताहरुले पटक-पटक आह्वान गरेका प्रत्येक आन्दोलनमा नेपाली जनताले साथ दिएकै हुन् । नेपाली जनताको त्यही बलिदानीपूर्ण संघर्षबाट पहिलोपल्ट २०४७ सालको संविधानमा नागरिकका अधिकारहरुका बारेमा केही व्यवस्थाहरु भए ।

२०४७ सालको त्यही संविधानप्रदत्त अधिकारहरुलाई टेकेर नेपाली जनताले त्यसपछि पनि विभिन्न स्वरुपमा संघर्ष र आन्दोलनहरु गर्दै आए । नेपालको अन्तरिम संविधान २०६३ ले २०४७ को संविधानको तुलनामा थुप्रै नागरिक अधिकारहरुको व्यवस्था गऱ्यो । अन्तरिम संविधानवाट प्रत्याभूत अधिकारको प्रयोग गरी बनेको २०७३ सालको वर्तमान नेपालको संविधानले नागरिकका लागि थुप्रै अधिकारको व्यवस्था गरेको छ । भलै संविधानप्रदत्त सम्पूर्ण अधिकारहरु विविध कारणहरुले गर्दा नागरिकले अझै पूर्णरुपमा प्रयोग गर्न पाइरहेका छैनन् । यद्यपि हामीले भुल्नुहुँदैन कि २०४६ सालदेखि २०६३ सालसम्म मुलुकमा जे-जति आर्थिक तथा सामाजिक विकासहरु हुन पुगे त्यसको तुलनामा २०६३ देखि आजको मितिसम्म थप विकास भएको छ । नागरिकमा भएको यो विकासको मुख्य स्रोत नागरिकले पाएको हकलाई नै मान्नुपर्दछ । हामी प्राप्त उपलब्धिप्रति पूर्ण सन्तुष्ट नहौंला तर परिवर्तन भएको तथ्यलाई इन्कार गर्न सक्दैनौं ।

यो परिवर्तीत सन्दर्भमा अधिकारको प्रयोग सामान्यत: दुई कोणबाट भएको देखिन्छ । आम नागरिक सञ्चार र सूचनाको अधिकार पाएर पुलकित भैरहेका छन् । आफूलाई लागेको बोल्न, आफूलाई लागेको अभिव्यक्त गर्न, आफूलाई लागेको असन्तुष्टि पोख्न पाउँदा मात्र पनि उनीहरु खुशी देखिन्छन् । आम नागरिकको लागि गाउँ-गाउँमा मोबाइल, इन्टरनेट पुग्नु र त्यसको प्रयोग गर्न पाउनुलाई नै लोकतन्त्रको उपहार ठान्न बाध्य छन् । विदेशमा गएका आफ्ना सन्तानहरुसँग घरकोठामा बसेर, अनुहार हेरेर गफ गर्न पाउँदा राज्यले प्रदान गरेको सबैभन्दा ठूलो अधिकार प्रयोग गरिरहेको अनुभूति गरिरहेका छन् । केही सीमित नागरिकले मात्र संविधानप्रदत्त आर्थिक एवं राजनीतिक अधिकारको सदुपयोग गर्न सकिरहेका छन् ।

उनीहरु यही अधिकारको प्रयोग गरेर आर्थिक र राजनीतिकरुपमा शक्तिशाली पनि भैरहेका छन् । तिनीहरु ४६ सालपछि पनि कुनै उद्योग व्यवसाय वा रोजगारमा नरहे पनि सामान्य आर्थिक हैसियतबाट अकूत सम्पत्तिका मालिक हुन सफल भैरहेका छन् । लोकतन्त्रमा जनताले जनताको लागि शासन गर्नेछ भनिन्छ तर ती एक खाले व्यक्तिहरु आफूलाई जनता होइन स्थायी शासक नै हौं भन्न बानी परिसकेका देखिन्छन् । तसर्थ उनीहरु संविधानले नागरिकलाई प्रदान गरेको अधिकार खोसेर कमजोर बनाउन वा उनीहरुले प्राप्त गरिरहेका सीमित खुशीलाई खुम्च्याउन चाहिरहेको झैं देखिन्छन् ।

नेपालको संविधानको धारा १७ मा नागरिकलाई स्वतन्त्रताको हक प्रदान गरिएको छ । यसको उपधारा २(क) मा नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रदान गरिएको छ भन्ने व्यवस्था गरिएको छ । त्यस्तै संविधानको धारा १९ मा सञ्चारको हकको व्यवस्था गरिएको छ भने धारा २७ मा सूचनाको हकसम्बन्धी व्यवस्था गरिएको छ । सामाजिक सञ्जालको विकासको कारण नागरिकले जानेर वा नजानेर सबैभन्दा बढी प्रयोग गरिरहेको अधिकार यिनै देखिएका छन् ।

विचार र अभिव्यक्ति व्यक्तिको ब्रह्मले ठहऱ्याउने कुरा हो । उसले घटनालाई जुनरुपमा देख्यो त्यही रुपमा बुझ्ने गर्दछ । जुनरुपमा बुझ्छ त्यही रुपमा अभिव्यक्ति गर्दछ । उसको अभिव्यक्तिले नेताको गुनगान पनि गाउन सक्ला, उसको अभिव्यक्तिले नेताको आलोचना पनि गर्न सक्ला । आलोचना सहन नसक्ने कुनै पनि व्यक्ति लोकतान्त्रिक नेता हुन सक्दैन । त्यस्तै घटना र तथ्यहरुको बारेमा सूचना बन्ने गर्दछ, जुन सञ्चारको माध्यमबाट प्रवाह हुने गर्दछ । सूचना सत्य र तथ्यमा आउनुपर्दछ तर त्यसमा विश्लेषण जोडिन सक्छ । विश्लेषणविनाको सूचना निरंकुशतालाई मात्र सुहाउने गर्दछ । विश्लेषण लोकतन्त्रको पर्याय हो । विश्लेषण गर्नासाथ त्यसलाई बुझ्ने सकारात्मक र नकारात्मक दुई धार हुने गर्दछ । मानिसले आफ्नो स्वभावअनुसार त्यसलाई बुझ्ने र त्यसको बारेमा अभिव्यक्ति दिने भएपछि पक्कै पनि घटनाको आलोचना भएको झैं देखिन्छ । आलोचना भएकै आधारमा संविधानप्रदत्त हक खोस्ने मनसाय राखियो भने लोकतन्त्रको औचित्य समाप्त हुन पुग्छ ।

पक्कै सामाजिक सञ्जालको प्रयोगमा जटिलताहरु आइरहेका छन् । चोर-फटाहादेखि सन्त-महन्तसम्म, निरक्षरदेखि विज्ञसम्म, अपराधीदेखि सज्जनसम्म, साना बालबालिकादेखि वृद्धवृद्धासम्म हरेक वर्ग, क्षेत्र र तप्काका मानिसले एउटै सामाजिक सञ्जालको प्रयोग गरिरहेका छन् । जसको जति क्षमता छ त्यही मात्रामा यसको प्रयोग हुने गर्दछ । जसको जे मानसिकता छ उसले त्यही रुपमा यसको प्रयोग गर्ने गरेको पाइन्छ । धेरैले सामाजिक सञ्जालको सही सदुपयोग गरिरहेको देखिन्छ भने केहीले यसको दुरुपयोग पनि गरिरहेको देखिन्छ । केही व्यक्तिका कारण सामाजिक सञ्जाल दूषित पनि भैरहेको छ । यो समाज हो, यो राष्ट्र हो, अझ सामाजिक सञ्जालको माध्यमबाट त यो विश्व नै एक ठाउँमा आएको छ । यस्तो अवस्थामा सामाजिक सञ्जालको प्रयोगलाई सकेसम्म जिम्मेवार बनाउनुपर्दछ भन्ने राज्यको चाहना हुनु स्वाभाविक पनि हो, उसको जिम्मेवारी पनि हो । सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन स्पष्ट कानुन निर्माण गर्नुपर्ने आवश्यकता प्राय: संसारका सबै देशले महसुस गरेको पाइन्छ ।

नेपालले पनि यो चाहना राख्नु अन्यथा हुँदैन । सामाजिक सञ्जालको सही र व्यवस्थित प्रयोग गरी सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्द्धन गर्न सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार तथा जवाफदेही बनाई सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्ने तथा नियमन गर्ने सम्बन्धमा कानुन निर्माण गर्न आवश्यक ठान्दै सामाजिक सञ्जालको सञ्चालन प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक १३ माघ २०८१ मा सञ्चारमन्त्रीको तर्फबाट राष्ट्रिय सभामा पेस गरिएको अवस्था छ ।

यो विधेयकको देखिने मनसाय सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार तथा जवाफदेही बनाई सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्ने तथा नियमन गर्ने नै हो । कहिलेकाहीं एउटा मनसायले गरेको कार्यको परिणाम अर्को पनि आउने गर्दछ । बालक धेरै रोयो भनेर उसको मुखलाई हातको बलले छोपी रुनलाई रोकियो भने उसको सास रोकिएर मृत्यु पनि हुन सक्छ । बिरुवा झाँगिएकोले ठाउँ अलि ओसिलो भयो भनेर डाँठ काटियो भने पूरै बिरुवा मर्न पनि सक्छ । त्यस्तै समाजमा अलिकति विच्छृंखलता देखियो भनी सूचनाको हकमा टेकेर विचार र अभिव्यक्तिको स्वतन्त्रतामा रेती लगाउने प्रयास गरियो भने सिंगो लोकतन्त्र नै गुम्ने खतरा पनि हुन्छ । प्रस्तुत विधयेक जनतालाई नैतिकवान् बनाउनभन्दा विरोधीहरुको हातमा हतकडी र मुखमा टेप लगाएर कसरी गालीगलौजको संस्कृतिबाट जोगिने भन्ने उद्देश्यबाट आएको जस्तो पनि देखिन्छ । प्रस्तुत विधेयकमा सत्ता पक्षबाट पनि विरोध भएको सुनिन्छ ।

विरोध गरेको जस्तो गरेर आफू विधेयकको पक्षमा नभएको, जनताको अधिकार प्रति जिम्मेवार भएको भन्ने जस्तो देखाउन खोजे पनि हाम्रो संसदीय अभ्यासमा त्यो विरोधको खासै अर्थ रहँदैन । जब नेतृत्वले उक्त विधेयकलाई पारित गरेर नै छाड्ने मानसिकता बनाउँछ उसले ह्वीप जारी गरेर भए पनि विरोध गर्नेलाई लाचार बनाउँछ । वर्तमान गठबन्धन प्रतिनिधि सभामा करिब दुई तिहाइको नजिक भए पनि राष्ट्रिय सभामा बहुमत स्थापित गर्नलाई हम्मेहम्मेको अवस्थामा छ । सरकारले जारी गरेको अध्यादेशमा आएको जटिलताले यो कुराको पुष्टि गरिसकेको छ । सरकारले कानुन निर्माणलाई सहजता प्रदान गर्न थप रणनीति निर्धारण गर्नु आवश्यक देखिएको छ ।

क्रमश: पृष्ठ-३....

अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिता :

# इन्टरनेशनल वुमन्स च्याम्पियनसिप : महिला फुटबलका लागि अवसर

काठमाडौं/सोमबारदेखि काठमाडौंको दशरथ रंगशालमा चार देश सम्मिलित इन्टरनेशनल वुमन्स च्याम्पियनसिप सुरु हुँदैछ । जसमा घरेलु टोली नेपालसहित म्यानमार, लेबनान र कीर्गिस्तानले प्रतिस्पर्धा गर्नेछन् । अखिल नेपाल फुटबल संघ (एन्फा) ले फिफा विन्डोको अवसर पारेर तीन विदेशी टिमलाई आमन्त्रण गरेर पहिलो पटक महिला फुटबलमा यो किसिमको प्रतियोगिता आयोजना गर्न लागेको हो ।



नेपालमा दक्षिण एसिया बाहिरबाट टिम आएर महिला फुटबलको यो स्तरको प्रतियोगिता खेल्न लागेको यो पहिलो पटक हो । यसअघि नेपालमा साफ वुमन्स च्याम्पियनसिप तीनपटक आयोजना भएको थियो भने ओलम्पिक क्वालिफायरमा भियतनाम नेपाल आएर खेलेको थियो । त्यसमा पनि आफ्नो देश छाडेर विदेशमा लिग खेलिरहेका खेलाडीहरु सबै टिममा छन् । अष्ट्रेलिया देखि अमेरिकासम्म, फ्रान्स देखि डेनमार्कसम्मको लिग खेल्ने खेलाडीहरु अब केही दिन त्रिपुरेश्वरस्थित दशरथ रंगशालमा प्रतिस्पर्धा उत्रनेछन् ।

महिला फुटबलमा त्यो स्तरको खेलाडीहरु आफ्नै आँखा अगाडि हेर्न पाउनु नेपाली दर्शकका लागि पनि राम्रो अवसर हुनेछ भने खेलाडीहरु स्वयंका लागि पनि यो अन्तर्राष्ट्रिय फुटबलबारे बुझ्ने राम्रो अवसर हुनेछ । यसका लागि नेपालका कप्तान एन्जिला तुम्बापो सुब्बाले एन्फालाई धन्यवाद पनि दिइन् । 'हाम्रो लागि यो ठूलो अवसर हो । साफलगत्तै अर्को प्रतियोगिता खेल्न पाएका छौं' उनले आइतबार प्रि म्याच कन्फ्रेन्समा भनिन्, 'हाम्रो लागि र समर्थकको लागि राम्रो हो ।'

कप्तान एन्जिलाले सबै टिम राम्रो रहेको र बोलेर भन्दा पनि मैदानमा खेलेर प्रमाणित गर्नुपर्ने बताइन् । 'हाम्रो तयारी राम्रो छ । टिमवर्क राम्रो छ । विपक्षी टिमहरु पनि बलियो छ । बोलेर भन्दा पनि मैदानमा प्रमाणित गर्नुपर्छ' उनले भनिन् ।

नेपालका मुख्य प्रशिक्षक राजेन्द्र तामाङले च्याम्पियनसिपका लागि सबै तयारी भइसकेको र राम्रो प्रदर्शन गर्ने बताए । तामाङले लगातार तेस्रो प्रतियोगितामा नेपालको महिला टिमको प्रशिक्षण सम्हालेका छन् । यसअघि गत वर्ष फेब्रुअरीमा साउदी अरेबियामा भएको वाफ च्याम्पियनसिप र अक्टोबरमा काठमाडौंमा भएको साफ च्याम्पियनसिपमा नेपाल उपविजेता बनेको थियो ।

यस पटक नेपाललाई घरेलु मैदानमा राम्रो खेल्दै उपाधि जित्ने अवसर समेत छ । त्यसका लागि नेपाली टिममा क्षमता रहेको पनि प्रशिक्षक तामाङले दाबी गरे । उनले यसअघि समस्याको रुपमा रहेको डिफेन्स लाइन मजबुत पार्दै खेल्ने बताए । अहिले महिला लिग भएकोले सबै खेलाडी फिट रहेको अनि यसपटक टिम राम्रो बनेको तामाङको बुझाई छ । नेपालले तीनवटै विपक्षीसँग यसअघि कम्तीमा एक पटक खेलेको अनुभव छ । तर त्यो बेला र अहिलेको अवस्थामा फरक आइसकेको छ ।

नेपालले म्यानमारसँग ३ तथा लेबनान र कीर्गिस्तानसँग १-१ पटक खेलेको छ । म्यानमारसँग जितविहिन रहेको नेपालले लेबनान र कीर्गिस्तानलाई भने हराएको थियो । म्यानमारसँग एक खेलमा ड्र खेल्नु नै नेपालको लागि ठूलो उपलब्धी हो । लेबनानसँग नेपालले गत वर्ष वाफ च्याम्पियनसिपमा सेमिफाइनलमा खेलेको थियो । जसमा नेपाल २-१ ले विजयी हुँदै फाइनल पुगेको थियो ।

यस्तै कीर्गिस्तानविरूद्ध भने सन् २०१९ मा भएको नाजेज्दा कपमा खेलेको थियो । कीर्गिस्तानमै भएको उक्त खेलमा नेपाल ८-२ ले विजयी भएको थियो । तर अहिले कीर्गिस्तानको टिममा धेरै परिवर्तन आइसकेको छ । प्रशिक्षक तामाङले विपक्षी टिमहरु राम्रो रहेको र आफ्नो योजना अनुसार खेल्ने बताए । '६ वर्ष पहिलो र अहिलेको कीर्गिस्तान टिममा फरक छ । उनीहरुले धेरै सुधार गरेका छन् । हामीले जित्छौं तर कठिन भने हुनेछ' तामाङले भने, 'लेबनान पनि बलियो टिम छ । उनीहरुको स्ट्रक्चर ट्याक्टिकल राम्रो छ । म्यानमार बलियो टोली हो । अहिलेसम्म ३ खेल खेल्दा एक ड्र र दुई हार नतिजा छ ।'

वरियतामा म्यानमार सबैभन्दा माथि छ । म्यानमार ५५औं स्थानमा छ भने नेपाल १०३औं स्थानमा छ । यस्तै कीर्गिस्तान १२८औं र लेबनान १३४औं वरियतामा छ । म्यानमारका प्रशिक्षक तेतसुरो युकीले नेपाल आएर खेल्न पाउदा खुसी व्यक्त गर्दै ३ टिम विरूद्ध खेल्न उत्साहित रहेको बताए । उनले नेपाली टोली शारीरिक रुपमा बलियो रहेको र सहज रूपमा नलिने बताए ।

यस्तै म्यानमारका फरवार्ड विन थिइनगी तुनले प्रतियोगिताको लागि तयार रहेको र राम्रो प्रदर्शन गर्ने बताइन् । उनले म्यानमार वरियतामा माथि रहेपनि अन्य टिमपनि राम्रो रहेको उल्लेख गरिन् । लेबनानका प्रशिक्षक वेल घरजेद्दीनले एसियन वुमन्स क्वालिफायरको तयारीमा यो प्रतियोगिता महत्वपूर्ण हुने बताए । 'हामी यहाँ राम्रो फुटबल खेल्न आएका हौं । युवा टिम हो । धेरै खेलाडी विदेशी लिग खेल्छन् । खेलाडीहरुबीच आपसी तालमेल मिलाउने अपेक्षा छ ।'

उनले प्रशिक्षणका लागि थोरै समय भएको र तीन मुख्य खेलाडी आउन बाँकी रहेको बताए । उनीहरू सोमबारसम्म आइपुग्ने विश्वास व्यक्त गरे । लेबनानका कप्तान नाताली मतारले पनि प्रशिक्षककै भनाईमा सहमति जनाउँदै यो प्रतियोगिता राम्रो अवसर रहेको बताए । 'धेरै खेलाडीहरु विदेशमा खेल्छन् त्यसैले एसियन क्वालिफिकेसनको लागि तयारी गर्न यो राम्रो अवसर हो' उनले भनिन् ।

प्रतियोगितामा सहभागी भएकोमध्ये कीर्गिस्तान युवा टोलीको रूपमा छ । टिममा सन् २००२ यता जन्मिएका खेलाडीहरू मात्र छन् । सबैभन्दा अनुभवी खेलाडी २००२ मा जन्मेका हुन् । कीर्गिस्तानका प्रशिक्षक नेमाट्जान जाकिरोभले यो प्रतियोगिता राम्रो अवसर भएको बताए । 'हाम्रो लागि फोर नेसन्स कपमा सहभागि हुनु राम्रो अवसर हो । हामी राम्रो फुटबल देखाउन चाहन्छौँ । महत्वपूर्ण कुरा क्यारेक्टर हो' उनले भने ।

यस्तै कीर्गिज कप्तान अबिबुल्ला किजी दिलनुराले आफ्नो टिम राम्रो रहेको र ट्रफी जित्नै आएको बताइन् । त्यसो नभए पनि नयाँ टिमहरूसँग राम्रो अनुभव लिन खेल्ने उनको भनाइ थियो । चार टोलीबीच सिंगल राउण्ड रोविनका आधारमा खेल हुनेछ । त्यसपछि शीर्ष दुईमा रहने टोलीबीच फागुन १४ गते फाइनल खेल हुनेछ ।

*(स्रोत: अनलाइनखबर)*

# क्यूएफएक्स चेनले शो नदिएको भन्दै भावुक बने सलोन



काठमाडौं/शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'रंगी' बुकिङ खुलेको समयदेखि नै हलहरुको उपेक्षामा पर्‍यो । फिल्मले पहिलो दिन देशभर ६० शो पनि पाएन । एकैदिन प्रदर्शनमा आएको अर्को फिल्म 'दु:खी आत्मा'को शो दुई सय बढी थियो । नेपालकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले 'रंगी'लाई शोमा सबैभन्दा बढी चेपेको देखिन्छ । यो चेनले शुक्रबार ३६ बढी पर्दामा जम्मा १६ शो दिएको थियो ।

शनिबार काठमाडौंका केही हलमा दर्शक प्रतिक्रिया बुझ्न पुगेका फिल्मका निर्माता एवं अभिनेता सलोन बस्नेत क्यूएफएक्स चेनप्रति असन्तुष्ट देखिए । क्यूएफएक्सले सुरुदेखि नै आफूलाई पेलिरहेको उनको गुनासो थियो । धेरै फिल्म हुने भएकाले कम शो पाउने जानकारी हुँदा पनि आफू तयार भएको स्मरण गर्दै उनले दर्शकले फिल्म रुचाउँदा समेत क्यूएफएक्स चेनले शो नदिएको बताए ।

'क्यूएफएक्सले मलाई सुरुदेखि नै पेलिरहेको जस्तो भइराखेको छ । फिल्म धेरै हुने भएकाले कम शो मिल्न सक्छ भन्दा म त्यसका लागि पनि तयार भएको थिएँ । किनकि, मलाई मेरो फिल्मप्रति विश्वास थियो । त्यही विश्वास लिएर म अगाडि बढेँ । तर, ललितपुर जिल्लाको एउटा मात्र हल लबिममा मेरो फिल्मको शो नै आउँदैन । बल्लबल्ल एउटा शो आउँछ, त्यो पनि बिहानैको,' उनले भने ।

सलोनले चलचित्र विकास बोर्डमा गएर नेपाली र विदेशी सबै फिल्मको बक्सअफिस रिपोर्ट हेर्न समेत चुनौती दिएका छन् । 'बोर्डमा गएर रिपोर्ट हेरौं । 'रंगी'को राम्रो व्यापार छैन, त्यही भएर शो हटायौं भनेर भन्नुहुन्छ भने म तयार छु । तर, मेरै फिल्मलाई चाहिँ शो पुगेन भन्नुहुन्छ । फिल्मले राम्रो गर्दा गर्दै पनि मेरै फिल्मले शो किन पाउँदैन ? मैले कसको के बिगारिदिएको छु ?,' उनले प्रश्न गरे ।

नेपाली फिल्मलाई हलहरुले साथ नदिने हो भने नयाँ निर्माताहरू हतोत्साहित हुने सलोनको भनाइ छ । नेपाली फिल्मलाई नेपालमा व्यापार गर्न ठाउँ दिनुपर्ने बताउँदै उनले अगाडि भने, 'मैले नेपाली फिल्म बनाइरहेको छु भने नेपालमा व्यापार गर्ने ठाउँ दिनुपर्‍यो नि ! तर, मलाई हलहरुले ठाउँ नै दिनुहुन्न । म कहाँ गएर फिल्म प्रदर्शन गर्नु ? युट्युबमै रिलिज गर्ने हो भने हलमा किन चलाउनु ?'

फिल्मले क्यूएफएक्स चेनमा पर्याप्त शो नपाएको विषयमा सञ्चारकर्मीहरूसँग बोल्ने क्रममा सलोन भावुक समेत बन्न पुगे । 'हामीले नेपालमै बसेर राम्रो फिल्म बनाउने प्रयास गरेका छौं । जीवन यही अर्पण गरेका छौं । म टनाटन पैसा भएर फिल्म बनाउन आएको होइन । ५ वर्षको उमेरदेखि मैले फिल्ममा काम गर्दै आएको छु,' यति भन्दै गर्दा उनको गला अबरुद्ध भयो । उनी बोल्नै सकेनन् ।

सलोनसँग हल 'भिजिट'मा पुगेका निर्देशक सुरेश न्यौपाने पनि क्यूएफएक्सले शो नदिएको विषयमा आक्रोशित देखिए । सुरुदेखि नै क्यूएफएक्स चेनले आफूहरूलाई पेलेको उनको भनाइ छ । 'शो पाउन भिख नै मागेको जस्तो भइरहेको छ । पैसा र मिहिनेत हाम्रो गएको छ । हामीले बनाएको फिल्मबाट हल चलिरहेका छन् । तर, हामीले नै शोका लागि भिख मागिरहनु परेको छ,' सुरेशले भने ।

शो नै नपाउने हो भने फिल्म कहाँ देखाउने भन्दै सुरेशले प्रश्न गरेका छन् । 'राम्रो फिल्म बनाउँदा पनि 'मार्केट' पाउँदैनौं भने हामीले गर्ने चाहिँ के ? सलोन र मैले फिल्मबाहेक केही जानेकै छैन । अनि राम्रो फिल्म बनाउँदा पनि हल दिइन्न भने हामीले कहाँ देखाउने ? हलवालाहरुको मोजा धोएर शो पाइन्छ भने म त्यो गर्न पनि तयार छु । तर, शो चाहिँ दिनुस्,' यति भन्दाभन्दै सुरेश गहभरि भए ।

'रंगी'ले अपेक्षाकृत ओपनिङ गर्न नसकेको भए पनि दर्शकीय प्रतिक्रिया राम्रो छ । शुक्रबार र शनिबार केही दर्शक फिल्म हेरेर रुँदै निस्किएका थिए । फिल्मको कथावस्तु र कलाकारहरुको अभिनयलाई दर्शकले बढी रुचाएका छन् । बाबु-छोरीबीचको भावनात्मक सम्बन्धको कथामा बनेको फिल्ममा सलोन बाबुको भूमिकामा छन् । उनको छोरीको भूमिका आयुषी ढकालले निर्वाह गरेकी छन् ।

# '११:५५'को टिजरमा धोका र बदलाको कथा



काठमाडौं/आगामी चैत ८ गतेबाट प्रदर्शनमा आउन लागेको क्राइम-थ्रिलर फिल्म '११:५५'को टिजर सार्वजनिक गरिएको छ । आइतबार सार्वजनिक १ मिनेट ३४ सकेण्ड लम्बाईको टिजरमा पात्रहरुबीचको लभ, रोमान्स, धोका र बदलाको कथा समेटिएको छ । विश्वास गरिएका व्यक्तिबाटै समस्यामा परेका पात्रहरुको कथामा फिल्म आधारित रहेको टिजरले प्रष्ट पार्छ ।

केशव पाण्डेको कथा तथा निर्देशनमा तयार भएको फिल्ममा सृष्टि श्रेष्ठ, महेश त्रिपाठी, करिष्मा श्रेष्ठ, एमएस अग्रज, बुद्धि तामाङ, विशाल पहारी, सागर खनाल लगायतको अभिनय छ । फिल्ममा निर्देशक पाण्डेसँगै एमएस अग्रज र शेखर ज्ञवालीको लेखन छ ।

श्याम शर्मा र सरोजा शर्माको लगानी रहेको फिल्ममा अल्मोडा राना उप्रेतीको संगीत, कविराज गहतराजको कोरियोग्राफी, देव महर्जनको द्वन्द्व निर्देशन, शैलेश श्रेष्ठको साउण्ड डिजाइन, प्रद्युमन मिश्रको डिओपी तथा रामशरण उप्रेतीको सिनेमेटोग्राफी छ । फिल्मका कार्यकारी निर्माता एमएस अग्रज हुन् ।

# बेलायत प्रिमियरमा 'अञ्जिला'को प्रशंसा

काठमाडौं/महिला राष्ट्रिय फुटबल टिमकी कप्तान एञ्जिला तुम्बाप्पो सुब्बाको जीवनमा आधारित भएर बनेको फिल्म 'अञ्जिला'को बेलायतको एल्डर सटस्थित एम्पायर हलमा शनिबार प्रिमियर गरिएको छ । बेलायतका लागि नेपाली राजदूत चन्द्र कुमार घिमिरेको प्रमुख अतिथ्यतामा भएको प्रिमियरमा फिल्मले उत्साहजनक प्रतिक्रिया पाएको निर्देशक मिलन चाम्सले जानकारी दिए ।

प्रिमियरमा सहभागी हुन नेपालबाट निर्देशक चाम्ससहित फिल्मकी मुख्य कलाकार सिर्जना सुब्बा, निर्माता तथा कलाकार प्रेम कुमार श्रेष्ठ र सह-निर्माता विनोद अग्रवाल बेलायत पुगेका थिए । प्रिमियरमा निर्देशक समाजका महासचिव अरुण कुमार प्रधान र सञ्चारकर्मी नरेश भट्टराई पनि उपस्थित थिए । नेपालमा जारी अन्तर्राष्ट्रिय खेल प्रतियोगिताका कारण एञ्जिला भने बेलायत प्रिमियरमा उपस्थित हुन सकिनन् ।

प्रिमियरमा राजदूत घिमिरेले 'अञ्जिला'ले खेल जगतमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे । 'म आज साँच्चै नै गर्व गरिरहेको छु । उहाँहरुले यस्तो राम्रो बायोपिक लिएर आउनुभएको छ, जसले खेल जगतमा सकारात्मक प्रभाव पार्नेमा विश्वस्त छु । नेपालका उदयमान खेलाडीहरुमाथि फिल्म बन्न थाल्नु खुसीको कुरा हो,' उनले भने ।

प्रिमियरमा निर्देशक चाम्सले खेल क्षेत्रको विकास र खेलाडीहरूको संघर्षलाई उजागर गर्न फिल्म बनाएको बताए । फिल्मले खेल क्षेत्रको उन्नतिमा भूमिका खेल्ने उनको विश्वास छ । 'नेपाली खेलकुद क्षेत्रलाई प्रवर्द्धन गर्न र खेलाडीको कथा दर्शकसम्म पुर्‍याउन 'अञ्जिला' बनाएका हौं,' चाम्सले भने, 'नेपाली खेल क्षेत्रमा अझै धेरै कथाहरु छन्, जसलाई फिल्ममार्फत विश्वसामु लैजान सकिन्छ ।'

प्रिमियरमा 'अञ्जिला' निकै प्रभावशाली र प्रेरणादायी रहेको प्रतिक्रिया मिलेको निर्माता प्रेम कुमार श्रेष्ठले बताए । नेपालमा खेलाडी बन्न कति कठिन रहेछ भन्ने फिल्म हेरेपछि महसुस भएको प्रतिक्रिया दर्शकहरुबाट प्राप्त भएको उनको भनाइ छ । उनका अनुसार फिल्म हेर्दा कति दर्शक भावुक पनि भएका थिए । बेलायतमा मिलेको प्रतिक्रियाले आफू उत्साहित भएको उनले बताए ।

फिल्मको यसअघि हङकङमा पनि प्रिमियर गरिएको थियो । अब अमेरिका, अस्ट्रेलिया र जापानमा रिलिज गरिँदैछ । निर्माता श्रेष्ठका अनुसार प्रिमियरबाट सङ्कलित सबै रकम एञ्जिलाका लागि काठमाडौंमा घर बनाउन प्रयोग हुनेछ । एञ्जिलाले आफूलाई प्राप्त हुने घरलाई भविष्यमा फुटबल एकेडेमीका रूपमा विकास गर्ने योजना बनाएकी छन् ।

'अञ्जिला' नेपालमा यही फागुन २९ गतेबाट प्रदर्शनमा आउँदैछ । यसमा कप्तान एञ्जिला सहित सुनिल थापा, दयाहाङ राई, विजय बराल, सिर्जना सुब्बा, माओत्से गुरुङ, बुद्धि तामाङ लगायतको अभिनय रहेको छ । फिल्मको छायाङ्कन सुदीप बरालले गरेका हुन् । एञ्जिलाले फुटबल खेलाडी बन्न गरेको संघर्षदेखि राष्ट्रिय टिमको कप्तान हुँदासम्मको कथालाई फिल्ममा प्रस्तुत गरिएको छ ।

# स्रोत नभएपछि बीपी राजमार्ग पुनर्निर्माण होइन, 'अस्थायी मर्मत'



काठमाडौं/स्रोतको अभावमा सरकारले बाढीले ध्वस्त बनाएको बीपी राजमार्ग पुनर्निर्माण होइन, अस्थायी मर्मत सुरू गरेको छ । समयमै स्रोत सुनिश्चितता तथा बजेट निकासा हुन नसक्दा काठमाडौंलाई पूर्वी नेपालसँग जोड्ने रणनीतिक महत्वको बीपी राजमार्गको स्थायी पुनर्निर्माण प्रक्रिया अझै सुरु हुन नसकेको हो ।

आगामी वर्षायाममा नियमित यातायात सञ्चालनमा ल्याउने उद्देश्यले अस्थायी मर्मत थालिएको भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालय स्रोतले जनाएको छ । राजमार्गको स्थायी पुनर्निर्माणका लागि अझै पनि स्रोत सुनिश्चित नभइसकेको र अर्थ मन्त्रालयबाट रकम निकासा पनि नभएको मन्त्रालयले जनाएको छ ।

भत्किएका संरचना पुनर्निर्माण ढिलाई हुनुको मूख्य कारण स्रोतको अभाव नै रहेको सडक विभागका महानिर्देशक रामहरी पोखरेल बताउँछन् । उनी भन्छन्, 'मन्त्रीज्यू, सचिवज्यू सहित हरेक दिन बिराएर अर्थ मन्त्रालयमा धाइरहेका छौं, वार्ता चलिरहेको छ, स्रोत सुनिश्चित हुनासाथ ठेक्का प्रक्रियामा जान्छौं ।'

शुक्रबार मन्त्रालयमा आयेजित पत्रकार सम्मेलनमा मन्त्रालयका सचिव केशवकुमार शर्माले पुनर्निर्माण प्रक्रियाबारे पत्रकारलाई सम्झाएका थिए । 'प्राकृतिक विपत्तिपछि पहिलो काम उद्दार, दोस्रो काम उपचार हुन्छ, तेस्रो काम भत्किएको अस्थायी संरचना बनाएर बासस्थान बनाउने हुन्छ, त्यसपछि न स्थायी संरचना बनाउन थाल्ने हो, बीपी राजमार्ग यो त्यही प्रक्रियामा छ ।'

मन्त्रालयका अनुसार विपी राजमार्ग लगायत बाढीबाट क्षतिग्रस्त सडक तथा पुलको स्थायी रुपमा निर्माण तथा मर्मत र वैकल्पिक सडकको निर्माणका लागि २५ अर्ब बराबर बजेट र स्रोत सुनिश्चितता मागिएको छ ।

चालु आर्थिक वर्ष २०८१/८२ का लागि ६ अर्बको बजेट निकासा माग गरिएको छ । यसका लागि अर्थ मन्त्रालय र गृह मन्त्रालय मातहतको राष्ट्रिय विपद् तथा पुनर्निर्माण प्राधिकरणमा अनुरोध गरिएको मन्त्रालयले जानकारी दिएको छ ।

**स्थायी संरचनाको सहमति र बजेट कुर्दा अस्थायी मर्मत पनि प्रभावित**

भौतिक मन्त्रालयले यो राजमार्गमा अस्थायी काम नथाली सिधै स्थायी संरचना पुनर्निर्माण थाल्ने योजना बनाएको थियो । विभागका महानिर्देशक पोखरेलका अनसार स्थायी संरचना बनाउन पैसा आउँछ, त्यसैमा हामी उपकरण प्रयोग गरी वर्षामा पनि कामलाई निरन्तरता दिएर यातायात चलाउने योजना थियो ।

अस्थायी मर्मतको काम मुल ठेक्कामै समावेश गर्ने लक्ष्य थियो । सोहीकारण लामो समयसम्म पनि अस्थायी मर्मतको काम थालिएको थिएन । तर, अर्थ मन्त्रालयले न स्रोत सुनिश्चितता दिन सक्यो, न बजेट निकासा नै । यसरी जाँदा अस्थायी संरचना समेत बनाउन नसक्ने र वर्षामा यातायात नचल्ने भएसँगै विभागले अस्थायी मर्मत थालेको हो ।

अहिले हिउँदमा मात्र गाडी चल्ने गरी विपि राजमार्गमा यातायात चलाइएको छ । ठेक्का प्रक्रियाका लागि आवश्यक डिजाइन तथा अन्य कागजी प्रक्रिया पुरा भएका कारण स्रोतको जोहो हुनासाथ प्रक्रिया अगाडी बढ्ने मन्त्रालयका उच्च अधिकारीहरुका बताउँछन् ।

अब स्रोत सुनिश्चितता पाएर ठेक्का पट्टाको प्रक्रियामा जाँदा पनि वर्षाअघि स्थायी पुनर्निर्माण नसकिने निष्कर्षसहित मन्त्रालयले अस्थायी मर्मत भने थालेको छ । भौतिक, पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल भने अस्थायी मर्मतपछि वर्षामा पनि यातायात सूचारु हुनेमा ढुक्क छन् । गत असोजमा आएको बाढीले क्षतिग्रस्त बनाएको यो राजमार्गमा भकुण्डेबेँसी देखि नेपालथोकसम्म विभिन्न खण्डमा बढी पुनर्निर्माणको आवश्यकता छ ।

सडक विभागका अनुसार बाढीले राजमार्गको १३ किलोमिटर खण्डमा बढि क्षति पुर्‍याएको छ । त्यसमध्ये ८.५ किलोमिटर सडक पूर्णरुपमा बगेको अवस्था छ । अस्थायी मर्मतमा विभागका उपकरण तथा जनशक्ति परिचालन गरि विभिन्न खण्डको मर्मत थालिएको हो । पूर्ण रुपमा सडक बगेको खण्डबाहेक अन्य खण्डमा सडक चौडा पार्ने, सम्याउने, ग्राभेल भर्ने लगायत काम गर्नु पर्ने छ ।

*(स्रोत: अनलाइनखबर)*

# सामाजिक सञ्जाल...

सरकारले राष्ट्रिय सभामा पेस गरेको सामाजिक सञ्जालको सञ्चालन र प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा गरिएको परिभाषाअनुसार सामाजिक सञ्जाल भन्नाले कम्प्युटर, कम्प्युटर नेटवर्क, इन्टरनेट लगायतका विद्युतीय प्रविधि र उपकरणको माध्यमबाट उपलब्ध गराएको सुविधा तथा प्रक्रियाबमोजिम कुनै व्यक्ति, समूह वा संस्थाबीच एक-अर्कासँग अन्तरक्रियात्मक सञ्चार गर्ने वा विषयवस्तु (कन्टेन्ट) प्रसार गर्न सक्ने प्रणाली सम्झनुपर्छ भनिएको छ ।

त्यस्तै सामाजिक सञ्जालको दुरुपयोग भन्नाले यस ऐन वा प्रचलित कानुन विपरीतका विषयवस्तु सामाजिक सञ्जालमा पोस्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, रिपोस्ट, ट्याग, ह्यासट्याग, मेन्सन गर्ने वा यस्तै प्रकृतिको अन्य कार्य सम्झनुपर्छ भनी व्यवस्था गरेको छ । यसै गरी विधेयकले सामाजिक सञ्जालको प्रयोगकर्ताले पालन गर्नुपर्ने सर्तहरूमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा राष्ट्रिय हितमा खलल पुग्ने वा सामाजिक, सांस्कृतिक तथा धार्मिक सद्भाव भड्काउने विषयवस्तु प्लेटफर्ममा प्रसार नगर्ने भनी स्पष्ट व्यवस्था गरिएको छ ।

त्यस्तै प्रचलित कानुन विपरीतका विषयवस्तुको पोस्ट वा सेयर गर्न नमिल्ने गरी प्लेटफर्ममा आवश्यक प्रविधि विकास गर्ने वा आवश्यक अन्य उपाय अवलम्बन गर्ने र कुनै व्यक्तिको चरित्रमा गम्भीर आघात पुग्ने किसिमको सामग्री वा घृणास्पद अभिव्यक्ति वा हिंसा भड्काउने वा साम्प्रदायिक सद्भाव बिगार्ने प्रकृतिको सामग्री अपलोड हुन वा प्रचारप्रसार हुन नदिने भनी व्यवस्था गरेको छ ।

विधेयकले कसैको मान-प्रतिष्ठामा आँच पुग्ने र होच्याउने नियतले अपमानजनक शब्द, श्रव्यदृश्य, तस्वीरको ट्रोल बनाउने, गाली बेइज्जती वा हेट स्पीच मानिने कार्य नगर्ने, मिथ्या तथा भ्रामक सूचनाको दुष्प्रचार, सूचना तोडमरोड गरी प्रचार नगर्ने, गलत मनसायले सामाजिक सञ्जालमा पोस्ट, सेयर, लाइक, रिपोस्ट, लाइभ स्ट्रिमिङ, सब्सक्राइब, कमेन्ट, ट्याग, ह्यासट्याग वा मेन्सन गर्न हुँदैन भनी स्पष्ट व्यवस्था गरेको छ । यस्तो कार्य गर्ने सामाजिक सञ्जाल प्रयोगकर्तालाई ५ लाख रुपियाँसम्म जरिवाना गर्न सक्नेछ भनी व्यवस्था गरिएको छ ।

विधेयकले बीभत्स तस्वीर वा अडियो वा भिडियो पोस्ट वा सेयर गर्न नहुने, गरेमा तीन महिनासम्म कैद वा ५० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ तथा डिपफेक भिडियो अपलोड वा प्रचार गर्न नहुने र गरेमा दुई वर्षसम्म कैद सजाय वा ३ लाख रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ भन्ने पनि व्यवस्था गरेको छ । विधेयकमा धेरै व्यवस्थाहरु उचितजस्तो देखिए पनि यसको प्रयोग र व्याख्यामा जटिलता आउन सक्छ ।

एउटा सानो उदाहरण, कुनै व्यक्तिले बीभत्स स्वरुपको कालभैरव वा महाँकालको मूर्तिको फोटो सामाजिक सञ्जालमा पोस्ट गर्दा सरकारले त्यसलाई बीभत्स पनि देख्न सक्छ । कुनै व्यक्तिले उक्त पोस्टलाई सेयर गर्‍यो भने सरकारले उसलाई अपराधी पनि देख्न सक्छ भने कुनै साथीले पोस्ट गरेको उक्त तस्वीरलाई कुनै व्यक्तिले मन पराएर लाइक गर्‍यो भने सरकारले त्यसलाई दण्डित पनि गर्न सक्छ ।

सरकारलाई कुनै कुरामा चित्त बुझेन वा सरकारको विरोध गर्ने कुनै व्यक्तिले सामाजिक सञ्जालको प्रयोग गरेर 'रामनाम' नै जपोस्, सरकारले चाहेमा त्यसलाई पनि कुनै न कुनै घटनासँग जोडेर कारबाही गर्न सक्छ । पञ्चायत कालमा मात्र बोलेकै कारण शान्ति सुरक्षाको नाममा यी मध्ये कैयौँ नेतालाई चिसो छिँडीमा जाकेको घटना बिर्सिएको जस्तो छ । तसर्थ यो विधेयक परिपक्व छैन । यसले भोलिको दिनमा आज सरकारमा बस्नेहरुलाई पनि कारबाहीको दायरामा नल्याउला भन्न सकिन्न ।

*(साभार: न्यूज अफ नेपाल)*


**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# निजगढ अन्तर्राष्ट्रिय विमानस्थल अघि बढाउन सरकार सकारात्मक



साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ प्रधानमन्त्री केपी शर्मा ओलीले निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको काम अघि बढाउन सरकार सकारात्मक रहेको बताएका छन् ।

प्रतिनिधि सभाको आइतबारको बैठकमा सांसद्हरुको प्रश्नको जवाफ दिंदै प्रधानमन्त्री ओलीले निजगढ अन्तर्राष्ट्रिय विमानस्थलले ठूलो बजेटको माग गरे पनि बनाउन सरकार सकारात्मक रहेको बताएका छन् । सरकारले तराई-मधेशका आयोजनालाई प्राथमिकतामा राखेको समेत उनले उल्लेख गरे । प्रधानमन्त्री ओलीले जयनगर-जनकपुर-कुर्था-विजलपुरा ५२ किलोमिटर रेलवेको निर्माणकार्य सम्पन्न भई यात्रुबाहक रेलसेवा दैनिक सञ्चालन भएको बताए । जयनगर-जनकपुर हरेक दिन ३ पटक र जनकपुर-विजलपुरा दिनको १ पटक आउने-जाने गरी रेलसेवा दिएको पनि उनले बताए ।

प्रधानमन्त्री ओलीले काठमाडौं-तराई-मधेश द्रुतमार्गलाई शीघ्र सम्पन्न गर्न नेपाली सेनालाई जिम्मेवारी तोकिएको बताए । 'यस आयोजनालाई छिटो सम्पन्न गर्ने सम्बन्धमा सम्बद्ध निकायका उच्चपदाधिकारीसँग पटकपटक छलफल गरी तीव्रताका साथ कार्यान्वयन गरेको छु । यस आयोजनाको हालको भौतिक प्रगति ३७.६ प्रतिशत रहेको छ,' प्रम ओलीले भने । सुनकोशी-मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजनाको सुरुङको निर्माण सम्पन्न भइसकेको प्रधानमन्त्री ओलीको भनाइ थियो ।

# जलन उपचार केन्द्र स्थापना गर्न माग

साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद् विन्दावासिनी कंसाकारले नेपालमा आगलागीको घटना बढिरहेको बताएकी छन् ।

आइतबारको प्रतिनिधि सभा बैठकमा आकस्मिक समय लिएर बोल्दै उनले आगलागीको घटनाको पूर्वतयारीमा सरकारले ध्यान दिनुपर्ने बताइन् । 'नेपालमा अकुपेस्नल सेफ्टी एण्ड हेल्थलाई प्राथमिकता दिइँदैन । जसकारण उच्चपदस्थ व्यक्तिहरु समेत दुर्घटनाको शिकार भइरहेका छन्,' उनले भनिन् । 'थिङ्क सेफ्टी, डु सेफ्टी' भन्ने अवधारणा केवल नारामा मात्र सीमित हुन पुगेको उनको भनाइ छ ।

जलन जसलाई जहाँ जुनबेला पनि हुनसक्ने र यसले ठूलो मान्छे र सानो मान्छे जो पनि पीडित हुनसक्ने, ज्यान जानसक्ने र अपाङ्गता हुनसक्ने उनले बताइन् । यही आवश्यकता महसुश गरेर आफूले संसद्मा गैरसरकारी विधेयक दर्ता गरेको पनि उनले स्मरण गरिन् ।

सांसद कंसाकारले जलन विधेयक पारित गर्दै जलन उपचार केन्द्र स्थापना गर्न समेत माग गरिन् । उनले प्रत्येक वर्ष ६० देखि ६५ हजार नेपाली नागरिक जलनमा पर्ने गरेको उल्लेख गरिन् । सांसद कंसाकारले नेपालमा जनशक्ति उत्पादन र स्वास्थ्य क्षेत्रलाई गम्भिर रुपमा नलिँदा उच्चपदस्थ व्यक्तिहरु समेत जलनमा पर्ने गरेको बताइन् ।

कंसाकारले उच्चपदस्थ व्यक्तिलाई तत्कालै हेलिकोप्टरको व्यवस्था गरिने तर, आम सर्वसाधारण नागरिकले एम्बुलेन्स समेत पाउन नसक्ने अवस्था रहेको समेत संसद्मा बताइन् । कंसाकारले ७ महिना अघि जनलसम्बन्धी गैरसरकार विधेयक संसदमा दर्ता गराएकी थिइन् ।

# भुटनदेवी मन्दिरको धर्मशाला मर्मत गरिने



साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ हेटौंडा उपमहानगरपालिका-१० स्थित भुटनदेवी मन्दिर व्यवस्थापन तथा धार्मिक पर्यटन विकास समितिले मन्दिर परिसरमा रहेको धर्मशालाको मर्मतसम्भार गर्ने तयारी गरेको छ ।

हर्षलाल श्रेष्ठबाट वि.स. २०३१ सालमा निर्मित धर्मशाला पुरानो भई समयानुकूल जीर्णोद्वारा गर्नुपर्ने भएकोले निर्माणकर्ताका परिवारसँग समन्वय गरी मर्मतसम्भार र जीर्णोद्वारको लागि आवश्यक पहल गर्न लागिएको हो । मन्दिरमा दर्शनको लागि आउने भक्तजन र धार्मिक पर्यटकको आकर्षणको लागि बगैंचाको स्तरोन्नति कार्यलाई तीव्रगतिमा अगाडि बढाउने मन्दिर व्यवस्थापन समितिले जनाएको छ । समितिका अध्यक्ष राममान श्रेष्ठका अनुसार विभिन्न जातजातिका फूलविरुवा रोपी आवश्यक संरचना निर्माण गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न दाताको खोजीकार्य भइरहेको छ ।

त्यसैगरी शक्तिपीठको दिगो आयश्रोतको रुपमा रहेको पाहुनाघर, चमेनागृहको स्तरोन्नतिको लागि स्थानीय निकायसँग सहयोग र सहकार्यको लागि समिति लागिपरेको अध्यक्ष श्रेष्ठले बताए । विभिन्न सरोकारवालासँग आवश्यक छलफल गरी चमेनागृह र पाहुनाघरलाई थप व्यवस्थित र प्रभावकारी सञ्चालन गरिने समितिले जनाएको छ ।

अध्यक्ष श्रेष्ठका अनुसार मन्दिरमा बाँदरको कारण विद्युत लाइनको तारमा समस्याका हुने गरेको छ । त्यसको लागि विद्युत सप्लाई व्यवस्थित गर्न विद्युत लाईन भूमिगत गर्ने कार्यलाई पनि अगाडि बढाउने अध्यक्ष श्रेष्ठको भनाई छ । शक्तिपीठको क्षेत्रभित्र निर्माण भएका र निर्माण हुने संरचनाको लागि गुरुयोजना तयार पार्न स्थानीय सरकारसँग समन्वय र सहकार्यको कामलाई आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न गरिने उनले बताए ।

# अनेरास्ववियु एमएमसी कमिटीको क्याम्पस प्रमुखसमक्ष १२ बुँदे माग



साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ नेकपा एमाले निकट विद्यार्थी संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) मकवानपुर बहुमुखी क्याम्पस कमिटीले क्याम्पस प्रमुख डा.यम सिलवाललाई १२ बुँदे मागपत्र बुझाएको छ ।

आईतवार क्याम्पस संयोजक प्रसिद्ध रेग्मी नेतृत्वको टिमले क्याम्पस प्रमुख सिलवाललाई मागपत्र बुझाएको हो । मागपत्रमा क्याम्पसका समसामयिक विषयलाई समेटेर बुझाइएको क्याम्पस कमिटीका सदस्य निशान्त भण्डारीले जानकारी गराएका छन् । क्याम्पसभित्र स्वच्छ र स्वस्थ्य वातावरण निर्माणदेखि हरेक ब्लकका तल्लामा खानेपानीको प्रबन्ध गर्न माग गरिएको छ ।

क्याम्पसको शुल्क/महशुल बुझाउने व्यवस्थालाई 'फोन पे' बाटै बुझाउने प्रणालीको व्यवस्था गर्न कमिटीले माग गरेको सदस्य भण्डारीले बताए । क्याम्पसको कक्षाकोठा प्रबिधिमैत्री हुनुपर्ने र लाइब्रेरीमा किताबको सहज व्यवस्थापन गर्न समेत उनीहरुले क्याम्पस प्रशासनसमक्ष माग गरेका छन् ।

कार्यक्रममा अनेरास्ववियु प्रदेश कमिटी सदस्य भूपेन्द्र राना, जिल्ला कमिटीका उपाध्यक्ष नवराज शर्मा, शिव पुलामी, जिल्ला कमिटी सहसचिव जस्प्रीता अधिकारी, जिल्ला कमिटी कोषाध्यक्ष ईशा पाखिन, स्ववियु कोषाध्यक्ष हिमानी सुवेदी, स्ववियु सदस्य अभिषेक दाहाल लगायतको उपस्थिति रहेको थियो ।

# वित्तीय सुशासन जोखिम मूल्यांकनमा कैलाश पहिलो, हेटौंडा पाँचौ

साझाकुरा संवाददाता




हेटौंडा, ४ फागुन/ मकवानपुरको कैलाश गाउँपालिका आर्थिक वर्ष २०८०/८१ को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकनमा जिल्लाकै पहिलो हुन सफल भएको छ ।

कूल एक सय पूर्णाङ्कमा कैलाश गाउँपालिकाले ८६ अंक प्राप्त गर्दै पहिलो स्थान ओगटेको हो । त्यसैगरी मूल्यांकनको दोस्रो स्थानमा बागमती गाउँपालिका रहेको छ । बागमतीले ८५ दशमलब ५ अंक प्राप्त गरेको हो । तेस्रो स्थानमा रहेको मनहरी गाउँपालिकाले ८३ दशमलब ५ अंक प्राप्त गरेको छ । त्यसैगरी थाहा नगरपालिका ८१ अंक प्राप्त गर्दै चौथो स्थानमा रहेको छ ।

स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकनमा हेटौंडा उपमहानगरपालिका भने पाँचौ स्थानमा रहेको छ । उपमहानगर पालिकाले ७९ अंक प्राप्त गरेको हो । मकवानपुरगढी गाउँपालिका ७१ दशमलब ५ अंक प्राप्त गर्दै छैटौं स्थानमा रहँदा राक्सिराङ गाउँपालिकाले ७० अंक प्राप्त गर्दै सातौं स्थानमा रहेको छ ।

आठौं स्थानमा रहेको ईन्द्रसरोवर गाउँपालिकाले ६६ अंक प्राप्त गरेको छ भने बकैया गाउँपालिका ६४ अंक प्राप्त गर्दै नवौं स्थानमा रहेको छ । वित्तीय सुशासन जोखिम मूल्यांकनमा भीमफेदी गाउँपालिका मकवानपुरको अन्तिम स्थानमा पुगेको छ । भीमफेदीले ५४ अंक प्राप्त गरेको छ ।

# बागमती गोल्डकप: हानामीलाई हराउँदै एपीएफको विजय सुरुवात



साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/सातौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगितातमा सशस्त्र प्रहरी बलको एपीएफले विजय सुरुवात गरेको छ ।

आइतबार बागमती-४ स्थित सहिदस्मृति रंगशालामा भएको खेलमा चितवनको हानामी बिएफसीलाई टाइब्रेकरमा ३-१ गोलले हराउँदै एपीएफले विजय सुरुवात गरेको हो । निर्धारित खेल समयमा गोलरहित बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । टाइब्रेकरमा एपीएफका सुमन श्रेष्ठ, दिपेश धिमाल र मनिकुमार लामाले गोल गरे । बिएफसीका अमन लामाको प्रहार मात्रै गोल भए । बिएफसीका रोशन क्षेत्री र सुरेश कुमालको प्रहार एपीएफका गोलरक्षक एन्जल श्रेष्ठले रोके भने विदेशी खेलाडी बफरको प्रहार बाहिरिएको थियो ।

एपीएफका गोलरक्षक श्रेष्ठ म्यान अफ द म्याच घोषित भए । खेलको ६४ औं मिनेटमा एपीएफका प्रदीप लामाले रातो कार्ड पाएर बाहिरिए पनि एपीएफले निर्धारित खेल समय आफ्नो पक्षमा पारेको थियो । एपीएफ गत संस्करणको उपविजेतासमेत हो । आगामी फाल्गुन १२ गतेसम्म संचालन हुने प्रतियोगिताको उपाधि विजेताले १० लाख र उपविजेताले ५ लाख प्राप्त गर्नेछन् ।

यस्तै प्रतियोगिताको सर्वोत्कृट खेलाडीलाई १ लाख १ हजार तथा विधागत उत्कृष्ट खेलाडीलाई जनही २५ हजार, प्रत्येक खेलका म्यान अफ दी म्याचलाई १० हजार रुपैंयाँ सहित शिल्ड प्रदान गरिने आयोजकले जनाएको छ ।

# जनकपुरको निजी अस्पतालमा अनुगमन जारी, ४ अस्पताल बन्द



जनकपुरधाम, ४ फागुन/ मधेश सरकारले जनकपुरधामको निजी अस्पताल अनुगमन जारी राखेको छ।

मुख्यमन्त्री सतिशकुमार सिंह र स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधनप्रसाद सिंहसहितका टोलीले आइतबार साँझ नौवटा अस्पतालमा अनुगमन गरेका हुन् । त्यस क्रममा दर्ता नगरी सञ्चालनमा रहेको चार वटा अस्पताल बन्द गरिएको छ ।

जनकपुरको ब्रह्मपुरीस्थित कृष्णा मेडिकल एन्डटेक्निकल रिसर्च सेन्टर, गीताश्री इएनटी स्पेसियालिटी क्लिनिक प्रालि र नवजीवन हस्पिटल, साकेतनगरस्थित वैदेही हस्पिटल प्रालि, जनक मेमोरियल हस्पिटल र जनकपुर मोडल हस्पिटल, रामानन्दचोक नजिकका जनकपुर गोदावरी हस्पिटल, कृष्ण हस्पिटल प्रालि र एडभान्स सिटी स्क्यानको अनुगमन गरेका छन्।

जनक मेमोरियल हस्पिटल,जनकपुर मोडल हस्पिटल जनकपुर गोदावरी हस्पिटल र कृष्णा हस्पिटल प्रालि बन्द गरिएको छ । ब्रह्मपुरीस्थित कृष्णा मेडिकल एन्डटेक्निकल रिसर्च सेन्टरलाई फोहोरमैला छुट्टै व्यवस्थापन गर्न निर्देशन दिइएको छ ।

दर्ता नरहेको ब्रह्मपुरीस्थित गीताश्री इएनटी स्पेसियालिटी क्लिनिक प्रालिलाई कागजपत्र लिएर सोमबार ११ बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बोलाइएको छ ।

यस्तै ब्रह्मपुरीस्थित नवजीवन हस्पिटलले गत चार वर्षदेखि र साकेतनगरस्थित वैदेही हस्पिटल प्रालिले दुई वर्षदेखि नवीकरण नवीकरण नगराएकाले सोमबार ११ बजे कागजपत्रसहित सञ्चालकलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बोलाइएको छ ।

एडभान्स सिटी स्क्यानले दुई वर्ष छ महिनादेखि नवीकरण गराएको छैन । आजबाट बन्द गरिएको जनकपुर मोडल हस्पिटलका सञ्चालकलाई अस्पतालमा जडान गरिएका सिसिटिभीका शनिबार र आइतबारका फुटेज लिएर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बोलाइएको स्वास्थ्य तथा जनसँख्या मन्त्रालयको अस्पताल अनुगमन समितिका सदस्यसचिव सन्तोष ठाकुरले जानकारी दिए ।

बन्द अवस्थामा पनि अस्पतालमा बिरामीको उपचार भइरहेको आशङ्कामा अस्पताल सञ्चालकलाई सिसिटिभी फुटेजसहित बोलाइएको ठाकुरले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# चखेल-मातातीर्थ सडकखण्ड डेढ महिना बन्द हुने

साझाकुरा संवाददाता

हेटौंडा, ४ फागुन/ हेटौंडा-काठमाडौं छोटोदुरीको सडक खण्डमध्ये फाखेल हुँदै चखेल मातातीर्थ सडक खण्ड करिब डेढ महिना बन्द हुने भएको छ ।

ईन्द्रसरोवर गाउँपालिका-५ ले सूचना जारी गर्दै आइतबारबाट चैत्र २१ गतेसम्म सडक बन्द हुने जनाएको हो । सडकको मोडहरुमा सडक ढलानको कार्य गर्नुपर्ने भएकाले चैत्र २१ गतेसम्म सडक बन्द रहने वडाअध्यक्ष दुतराज तितुङले बताए । वडाको महालक्ष्मी दोभान-घट्टेखोला-चखेल हुँदै मातातीर्थ जोड्ने सडकअन्तरगत देउराली-मातातीर्थ खण्डमा सडक निर्माणको काम भएकाले बाटो बन्द रहेको अध्यक्ष तितुङले जानकारी दिएका छन् ।

पछिल्लो समय हेटौंडा-काठमाडौं छोटोदुरी सडक खण्डमध्ये यस सडक सबैको रोजाईमा परेको छ । सडक निर्माणका साथै सडक स्तरोन्नतिको कार्य भएकाले आवातजावत बन्द गर्नुपरेको वडाअध्यक्ष तितुङको भनाइ रहेको छ । उनले सवारीसाधनका चालकले डेढ महिना अब फाखेल-दक्षिणकाली वा कुलेखानी-मार्खु-चित्लाङ-चन्द्रागिरीतर्फको सडक प्रयोग गर्न आग्रह गरेका छन् ।

# आईएमई पे र खल्तीबीच मर्जर समझदारी




काठमाडौं, ४ फागुन/ नेपालका प्रमुख दुई भुक्तानी सेवा प्रदायक कम्पनी आईएमई पे र खल्तीबीच मर्जर गर्ने समझदारी भएको छ ।

दुई कम्पनी मर्जर गर्ने सम्बन्धमा आइतबार समझदारी भएको आईएमई पे स्रोतले जनाएको छ । दुई कम्पनीबीचको समझदारीलाई स्वीकृतिका लागि आइतवार स्वीकृतिका राष्ट्र बैंकमा पठाइएको जनाइएको छ । राष्ट्रबैंकको स्वीकृतिपछि दुई कम्पनीबीचको मर्जरले आकार ग्रहण गर्ने छ । भुक्तानी सेवा प्रदायकबीच नेपालमा पहिलो पटक मर्जर हुन लागेको हो ।


## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

नोट :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५११६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना